स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपालमा प्रदर्शनपचात् फिल्म 'घरज्वाइ'ले विदेशको फन्को लगाउन सुरु गरिसकेको छ। अमेरिका, डेनमार्क जस्ता देशपछि अब जापानमा फिल्मलाई प्रदर्शन गरिने भएको छ। आगामी आइतबार 'अगस्ट ११' जापानको राजधानी टोकियोमा फिल्मको पहिलो प्रदर्शन हुन लागेको निर्माता जनक घर्ती मगरले जानकारी दिए। जापानभरि नेपाल मगर संघ जापानले फिल्मलाई प्रदर्शन गर्नेछ।

**आजको विचार...**



सांस्कृतिक...
*(दुई पेजमा)*

डा. माधव अधिकारी



कुनै बेला महिलाप्रधान फिल्म विरलै बन्थे। अभिनेत्रीलाई केन्द्रमा राखेर फिल्म बनाए सफल नै हुदैन भन्ने भाष्य बनेको थियो। तर, यतिबेला सिनारियो अलग छ। केही वर्षयता महिला केन्द्रित फिल्मले बक्स अफिसमा चमत्कारी व्यापार गरिरहेका छन्। चाहे त्यो 'झिगेदाउ'होस् अथवा 'बोक्सीको घर'। यसैले यतिबेला महिलाको कथामा आधारित फिल्महरु श्रृंखलाबद्ध रुपमा आइरहेका छन्। अभिनेत्री मलिका महत र बाल कलाकारहरुको अभिनयलाई पनि रुचाइएको छ ।

❒ वर्ष ३० ❒ अंक २६ ❒ २०८१ साउन २६ गते शनिबार 10 August 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### सिरियाली आक्रमणमा ११ जनाको मृत्यु

(रासस/एएफपी)

**बेरुत,** साउन २५/सिरियाली सरकार पक्षधर र इरान निकट एक समूहले गराएको बम विस्फोटमा परी सिरियाको कुर्दिश सेना नियन्त्रित पूर्वी गाउँमा ११ जना सर्वसाधारणको मृत्यु भएको शुक्रबार युद्ध अनुगमनकारी समूहले जनाएको छ ।

सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सका अनुसार देइर एजोर प्रान्तको डहलामा भएको ब्र बिस्पोटमा परी छ जना बालबालिकासहित कम्तीमा ११ जनाको मृत्यु भएको छ । समूहका अनुसार इरान समर्थक लडाकुहरूले कुर्दिशको कब्जामा रहेका क्षेत्रहरूमा आक्रमण गरेपछि बुधबार लडाइँ सुरु भएको थियो । कुर्दिशहरूको निकट सिरियन डेमोक्र्याटिक फोर्सले पनि लडाँइमा अधिकांश महिला तथा बालबालिकासहित ११ जना सर्वसाधारण मारिएको पुष्टि गरेको छ ।अमेरिकाको समर्थनप्राप्त सिरियाली समूह (एसडीएफ) ले सन् २०१९ मा सिरियामा इस्लामिक स्टेट जिहादी समूहको स्वघोषित इस्लामिक राज्यलाई पराजित गर्ने आक्रमणको नेतृत्व गरेको थियो ।

## जलश्रोत ऐनबारे छलफल

# विधानसम्मत सञ्चालन गर्न खानेपानी समितिहरुलाई आग्रह

हाम्रा संवाददादा

**बुटवल,** साउन २५/बुटवल उपमहानगरपालिकामा जलस्रोत ऐन बारेछलफल भएको छ । उपमहानगरपालिकाले नगरभित्रका खानेपानी उपभोक्ता समितिहरुसँग जलश्रोत उपयोग ऐनबारे छलफल गरेको हो ।

समितिका पदाधिकारीहरुलाई ऐनको उपयोग गर्ने बारेमा जानकारी गराइएको छ । अधिवक्ता घनश्याम पन्त र ध्रुव धितालले ऐन, खानेपानी समितिको अधिकारका बारेमा पदाधिकारीहरुलाई जानकारी गराएका थिए । उनीहरुले यहाँका ४४ वटा खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरुलाई जलश्रोत ऐन र नयाँ व्यवस्था अनुसार समितिलाई सञ्चालन गर्न भनेका छन् । जलस्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परम्परादेखि जलस्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक



जाँचबुझ गर्ने गराउने, नगरपालिकाको जलस्रोत व्यवस्थापन सम्बन्धी आवश्यक नीति, कार्यक्रम तथा नियमन सम्बन्धी काम गर्ने, नगर क्षेत्रभित्रको जलस्रोत उपयोग ब्यवस्थापन सम्बन्धमा कुनै समस्या भए त्यसको सुनुवाई गर्ने तथा आवश्यक निर्णय गर्ने, नगर जलस्रोत उपयोग सम्वन्धी ऐन विपरीत कार्य गर्ने जल उपभोक्ता सम्बन्धमा आवश्यक निर्णय लिने, निर्देशन दिने जस्ता समितिका काम कर्तव्य र अधिकार ऐनमा उल्लेख गरिएको अधिवक्ता घनश्याम पन्तले बताए । यस्तै ध्रुव धितालले कसैले यस ऐन वा यस ऐन अर्न्तगत गरेका निर्णय उल्लंघन गरेमा जलस्रोत समितिले तोकेको अधिकारीले पाँच हजारसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएमा भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपुर्ति भराई दिन सक्ने, कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई जलस्रोत समितिले दशहजारसम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्ने, यस ऐन बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा जलस्रोत समितिले निजबाट विगो असुल गरी उपमहानगरपालिकाले गतवर्षको पुसमा राजपत्रमा प्रकाशित गरेको जलश्रोत उपयोग ऐन अनुसार ३३ प्रतिशत महिला रहने गरी उपभोक्ता समिति गठन गर्न सक्ने र त्यस्तो समिति बुटवल उपमहानगरपालिकामा दर्ता गर्नुपर्ने उल्लेख गरेको छ । बुटवल भित्र खानेपानीका लागि बोरिङ वा मुहानबाट पानी ल्याउनुपर्ने भएमा अनुमति लिनुपर्ने र शुल्कसम्बन्धी व्यवस्था नगरे तोकेको भन्दा बढी हुन नपाउने व्यवस्था ऐनमा गरिएको छ । छलफल कार्यक्रमपछि बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले सबै खानेपानी समितिहरुलाई नीति र विधिमा रहँदै विधानसम्मत ढंगले सञ्चालन गर्न आग्रह गरे । उनले उपभोक्ता र समिति दुवैलाई लाभ हुने गरी र नियममा रहन मद्दत पुग्ने गरी जलश्रोत ऐन बनाएको भन्दै त्यसको सहि तरिकाले उपयोग गर्नुपर्नेमा जोड दिए । उनले भने 'हामीले यस क्षेत्रका विज्ञहरु र उपभोक्ताहरुसँग सुझाव र सल्लाह लिएर यो ऐन बनाएका छौं ।' यो ऐन खानेपानीका सबै समितिलाई उपयोगी हुने नगरप्रमुख पाण्डेयको भनाई छ । उनले केही समितिहरुले मनपरी रुपमा शुल्क निर्धारण गर्ने, तोकिएको अवधिभित्र अधिवेशन र साधारण सभा नगर्ने र व्यक्ति केन्द्रित रुपमा संस्था सञ्चालन गर्ने गरेको पाइएकाले तत्काल उनीहरुलाई कानुनबमोजिम कारवाही गरिने बताए ।

-बाँकी अन्तिम पेजमा...

## चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थान तथा रुखका छहारिमा नबसौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## नाग पूजा गरेर मनाइयो नागपञ्चमी

**पाल्पा,** साउन २५/नागपञ्चमी पर्व शुक्रबार परम्पराअनुसार नागको पूजाअर्चना गरी घरका मूलढोकामा टाँसेर मनाइएको छ । यो पर्व प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमीको दिन मनाउने गरिन्छ ।

प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमीका दिन मनाइने नागपञ्चमी पर्वका दिन गुरु पूरोहीतहरुले यजमानका घरघरमा पुगेर मूलद्धारामा नागको प्रतिमा अङ्कीत तस्वीर टाँसेर पूजाअर्चना गरेका छन् । यसरी नागको तस्वीर टाँस्दा वर्षभर घरमा नाग, सर्प र बिच्छीलगायत जीवले दुःख नदिने, अग्नि, मेघ र चट्याङको भयबाट पनि बच्न



सकिने धार्मिक विश्वास छ । नागपञ्चमीका अवसरमा देशभरका नागदह, कुण्ड र नाग स्थानमा विशेषरुपमा पूजाआजा गर्न भक्तजनको घुइँचो लागेको थियो । नाग पूजाको प्रचलन वैदिककालदेखि नै सुरु भएको हो । वैदिक मान्यताअनुसार नागलाई सर्पको राजा मानिन्छ । नाग रिसाए भने पानीको अभाव हुने भएकाले पानीका लागि पनि नागलाई खुसी पार्न पूजा गर्ने परम्परा बसेको हो । बराहपुराणमा उल्लेख भएअनुसार श्रावण शुक्ल पञ्चमीमा नागराजसँग ब्रह्माको संवाद भएकाले पनि यस दिनमा नागपूजाका लागि प्रसिद्ध मानिन्छ । नाग पञ्चमीका दिन नेपाल र भारतका विभिन्न नाग देवताको मन्दिरमा नाग पञ्चमी मेला लागेको थियो । नाग देवतालाई दूध, दुबो, कुश, चन्दन, फूल, अक्षता, लड्डु अर्पण गरेर पूजासमेत गरेर नाग स्तोत्रको पाठ गर्ने गरिन्छ । हिन्दू धर्मको मान्यता अनुसार यो दिन नागको पूजा गर्नाले सर्पका राजा नाग देवता खुसी हुन्छन्, त्यसैले नाग पूजा गर्ने मान्छेलाई सर्पको भय हुँदैन भन्ने मान्यतासमेत रहेको छ ।

**तु-आवश्यकता**

सम्पर्क : होटल श्रीनगर (प्रा.) लि.
HOTEL SRINAGAR (P) LTD.
कैलाशनगर-५, तानसेन, पाल्पा



यस होटल श्रीनगर (प्रा) लि. को लागी केही कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोस् ।

रेष्टुरेण्ट क्यापटेन : २ जना, वेटर : ६ जना

अनुभवीलाई विशेष प्राथमिकता
दरखास्त दिने अन्तिम मिति २०८१ साउन ३२ गते

फोन नं : ०७५-५२००४५, ९८४७१००८१२, ९८४७०४३११६ Email: hotelsrinagar@gmail.com info@hotelsrinagar.com

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## किन बारम्बार भइरहन्छन् हवाई दुर्घटना ?

काठमाडौंमा भएको सौर्य एयरलायन्स दुर्घटनाको १५ दिन नबित्दै फेरि नेपाली अकासमा अर्को ठूलो हवाई दुर्घटना भयो । काठमाडौंबाट रसुवाको स्याफ्रुबेंसी उडेको एयर डाइनेस्टीको ९ एनएजेडी कलसाइनको हेलिकप्टर बुधबार शिवपुरी–७ सूर्यचौर डाँडामा दुर्घटनामा हुँदा ५ जनाको मृत्यु भयो । यो दुर्घटनाले मुलुकको नागरिक उड्डयन क्षेत्रका कमजोरीलाई पुनः उजागर गरेको छ ।

१५ दिन अघि साउन ९ गते मात्र विस्तृत परीक्षण र मर्मत (सी–चेक) गर्न काठमाडौंबाट पोखराका लागि उडेको केही क्षणमै असन्तुलित भएर सौर्य एयरलाइन्सको विमान दुर्घटनामा परेको थियो । दुर्घटनामा परी १८ जनाको निधन भएको थियो । यसरी 'शृंखलाबद्ध' हवाई दुर्घटनाले नेपालको हवाई सेवा माथि प्रश्न उठाएको छ । हवाई दुर्घटना न्यूनीकरण हुनुको सट्टा बढ्दै गएपछि मुलुकको हवाई क्षेत्रमाथि प्रश्न उठ्नु स्वभाविक नै हो । पछिल्लो समय नेपाली आकाश असुरक्षित बन्दै गएको भन्दै अन्तर्राष्ट्रिय जगतमै आलोचना भइरहेको छ । यसो हुनु राम्रो होइन । हवाई दुर्घटनाको विषयलाई लिएर संसदमा समेत प्रश्न उठिरहेको छ । नियामक निकाय नागरिक उड्डयन प्राधिकरणले प्रभावकारी ढंगले काम नगर्दा दुर्घटना बढेको बन्दै सर्वत्र आलोचना भएको छ ।

विज्ञहरूले समेत मानवीय त्रुटि, भौगोलिक बनावट, प्रतिकूल मौसम, पर्याप्त सूचनाको कमी, पुराना जहाजमा आधुनिक उपकरणको जडान नहुनु हवाई दुर्घटनाका मुख्य कारण भएको बताउँदै आएका छन् । तर यस विषयमा न त सरकारले प्रभावकारी अनुगमन गर्छ, न त विज्ञहरूका सुझाव कार्यान्वयनमा निजी हवाई कम्पनी नै अघि सर्छन् । नेपाल हरेक पटक हुने जहाज दुर्घटनापिच्छे जाँच गर्न 'दुर्घटना जाँचबुझ आयोग' गठन हुन्छन् । आयोगले दुर्घटना हुनुका कारणसहित यस्ता दुर्घटना हुन नदिन कसले के गर्ने ? के नगर्ने ? भन्नेसम्मका सुझाव संगालेर प्रतिवेदन दिन्छ । तर यस्ता प्रतिवेदनको सुझाव न सरकारले पढ्छ, न कार्यान्वयनका लागि तत्परता देखाउँछ । परिणामतः दुर्घटना भइरहने, दुःखमनाउ गरिरहने, आयोग गठन गरिरहने तर हवाई क्षेत्रका कमजोरी सुधारको ठोस पहलचाहिँ नहुने प्रवृत्ति पुनरावृत्त भइरहेको छ । तसर्थ नेपालमा रहेको विद्यमान हवाई संरचनामा जेजस्तो मानवीय, भौगोलिक, प्राविधिक, व्यावसायिक तथा व्यवस्थापकीय त्रुटि तथा कमी–कमजोरीहरू छन्, त्यसलाई अर्न्तराष्ट्रिय हवाई क्षेत्रका विज्ञको प्रत्यक्ष निगरानी तथा मार्गदर्शनमा उडान क्षेत्रका अनुभवी, प्रशिक्षित तथा सक्षम व्यक्तिहरूद्वारा सूक्ष्म अध्ययन, विश्लेषण तथा परीक्षण गराई उडान सुरक्षा मार्गचित्र तयार पार्न जरुरी छ ।

### Opinion @ Social Network

यदि कसैले तपाईंसँग आशा राख्छ भने यो उसको बाध्यता होइन,
तपाईंसँगको लगाव र विश्वास हो।
*(माधव थापाको फेसबुक स्टाटसबाट www.facebook.com/thapa.madhab)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भ्रष्टाचार न्यूनीकरणमा सार्वजनिक सुनुवाइको महत्व



डा. माधव अधिकारी

*राज्य सञ्चालन विभिन्न तह र निकायबीच काम र अधिकारको दोहोरोपनको अन्त्य गरी नागरिकलाई प्रवाह गर्ने सेवाको प्रभावकारी व्यवस्थापन गर्न संविधानले स्थानीय तहको अधिकारको कार्यसूची व्यवस्था गरे अनुरूपका कार्य सम्पादन गर्न ती इकाइहरू आर्थिकरूपमा आत्मानिर्भर र स्रोत परिचालन र व्यवस्थापनमा सक्षम हुनुपर्ने भई स्थानीय तहको पुन:संरचना भएको पाइन्छ । मानव सभ्यता विकासको क्रममा मानवजाति राज्य सञ्चालनको प्रक्रियामा समावेश हुन थालेपछि अधिकार र दायित्वको बाँडफाँड बहस सुरु भएको हो । केन्द्रीकृत र विकेन्द्रित राज्य पद्दतीको विषय नवीन होइन तर प्रजातान्त्रिक शासन पद्दतिको मौलिक मान्यता विकेन्द्रीकरण हो ।*

नेपालको संविधानले स्वायत्तता र स्वशासनको अधिकारलाई प्रस्तावना मै आत्मसात गरेको छ । संविधानको धारा ५६ ले लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्य शक्तिको प्रयोग तिनवटै तहले गर्ने व्यवस्था गरेको छ । यी तीनवटै तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने परिकल्पनाका साथ संविधानले संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरूको व्यवस्था गरेको पाइन्छ । नेपालको संविधानले सक्षम, स्वायत्त र जिम्मेवारी वहन गर्नसक्ने समावेशी स्थानीय तहको परिकल्पना गरेको छ ।

राज्य सञ्चालन विभिन्न तह र निकायबीच काम र अधिकारको दोहोरोपनको अन्त्य गरी नागरिकलाई प्रवाह गर्ने सेवाको प्रभावकारी व्यवस्थापन गर्न संविधानले स्थानीय तहको अधिकारको कार्यसूची व्यवस्था गरे अनुरूपका कार्य सम्पादन गर्न ती इकाइहरू आर्थिकरूपमा आत्मानिर्भर र स्रोत परिचालन र व्यवस्थापनमा सक्षम हुनुपर्ने भई स्थानीय तहको पुन:संरचना भएको पाइन्छ । मानव सभ्यता विकासको क्रममा मानवजाति राज्य सञ्चालनको प्रक्रियामा समावेश हुन थालेपछि अधिकार र दायित्वको बाँडफाँड बहस सुरु भएको हो । केन्द्रीकृत र विकेन्द्रित राज्य पद्दतीको विषय नवीन होइन तर प्रजातान्त्रिक शासन पद्दतिको मौलिक मान्यता विकेन्द्रीकरण हो । केन्द्रमा रहेको शक्ति, अधिकार, दायित्व, साधन र स्रोत जति तल्लो निकाय तह र वर्गमा नि:सृत हुँदै जान्छ त्यति नै प्रजातन्त्रिक शासन व्यवस्थाले सार्थकता पाएको ठानिन्छ । सो अनुसार, सिंहदरबारको अधिकार गाउँगाउँमा भन्ने अधिकार भयो । सो क्रममा दिगो विकासको प्रक्रियालाई सवल बनाउन समाजमा रहेका कमजोर वर्गसम्म विकासको प्रतिफल पुग्न सकोस् भन्ने अभिप्रायले स्थानीय सरकारलाई समाज विकासको प्रमुख निकायको रूपमा प्रस्तुत गरियो ।

लोकतन्त्रको सफल प्रयोग आमजनतालो अनुभूत गर्नसक्ने, सहभागी बन्न सक्ने, निर्णय निर्माण र निरूपणमा भूमिका खेल्ने सुशासन हुनसक्छ । सबै क्षेत्रका जनतालार्य वढी अधिकार सम्पन्न र उत्तरदायी बनाउनुमा नै लोकतन्त्रको सार्थकता रहन्छ । आफ्नो राज्यको भाग्य निर्माण जनता आफैंले गर्दछन् । मूलुकको चौतर्फी विकास, जनताको सक्रिय सहभागिता जुटाइ स्थानीय सरकारले विकासको लागि सुशासन सशक्त बनाउन सक्छ । लोकतन्त्रको मूल आधार स्थानीय सुशासन हो । स्थानीय सुशासनको भरमा केन्द्रीय शासनको कार्यबोझ कम हुन्छ । राष्ट्रिय विकासको आधारभूमि नै स्थानीय सुशासन हो । विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, वहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्राणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, कानुनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यापालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूको क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालन गर्ने राजनीतिक प्रणाली अवलम्वन गरी भ्रष्टाचार र दण्डहीनता अन्त्य गर्दै सुशासन कायम गर्ने कार्य राज्यको दायित्व हुने व्यवस्था गरेको छ । यसी सुशासन राज्यको दायित्वको रूपमा संविधानले नै अंगीकार गरेको अवस्था छ । नेपालको संविधान नेपाली जनताको सात दशकको अथक प्रयासबाट प्राप्त भएको हो ।

युगीन यो पलको अपेक्षासहित नेपाली जनताले गरेको जनआन्दोलनको अभिलाशा र गरीमामयको सार्थकतानै शासन व्यक्तिको होइन विधिको हुनुपर्छ भन्ने लोकतान्त्रिक मान्यता हो । सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले सामंन्त, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेको सबै प्रकारका विभेद र उत्पीडन अन्त्य गर्ने, बहुभाषिक, बहुधार्मिक, बहुजातीय, बहुसंस्कुतिक तथा भौगोलिक विविधता युक्त विशेषतालाई आत्मसात गरी ऐक्यवद्ध, सामाजिक, सहिष्णु, र सदभावनालाई संरक्षण एवं प्रवद्धन गर्दै वर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका छुवाछूतको अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै वर्तमान नेपालको संविधान जारी भएको पाइन्छ । संविधानले संघीय लोकलान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा गरेको छ । प्रतिस्पर्धात्पक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा निष्पक्ष र सक्षम न्यापालिका र कानुनी राज्यको अवधारणा सुनिश्चित गरको छ । साथै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्धता राखी समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प गरको छ । नेपाली जनताको यो संकल्पसहित जारी भएको संविधानबाट राजनीतिक स्थीरता र न्यायपूर्ण समाजको निर्माण हुनेछ । संविधान अनुसार संघ, प्रदेश र स्थानीय गरी राज्यको तीन तहलाई संवैधानिक व्यवस्था गरिएको पाइन्छ । माथिको तालिकामा उल्लेख गरिएको ७५३ स्थानीय सरकारको देश निर्माणमा मुख्य भूमिका हुन्छ । जनताले प्रत्यक्ष सेवा लिने ठाउँ नै स्थानीय निकाय हो । यो सबल र प्रभावकारी हुनुपर्दछ ।

स्थानीय सरकारलाई सबल र प्रभावकारी बनाउन निर्वाचित पदाधिकारी एवम् त्यहाँ काम गर्ने कर्मचारीको अहम् भूमिका हुन्छ । स्थानीय सरकारमा काम गर्ने निजामती एवं अन्य कर्मचारीहरू स्वच्छ र सक्षम भएमा मात्र समृद्धि र सुशासन हुन्छ । नेपालको संविधान २०७२ को धारा ५१ (ख) (४) मा सार्वजानिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने प्रावधान रहेको पाइन्छ । सुशासनको प्रत्याभूति गर्ने एक महत्वपूर्ण औजार तथा कसीको रूपमा सार्वजानिक सुनुवाइ हो । नेपालको संविधानले व्यवस्था गरेअनुसार तीनै तहका सरकार स्थापनापछि माथि भनेजस्तै सिंहदरबारको अधिकार जनताको घरदैलोमा आएकोले जनताको अपेक्षाहरू बढेको पाइन्छ । स्थानीय तहमा सार्वजानिक पद र अधिकार धारणा गरेको कर्तव्यपालक र सेवाग्राहीबीच सार्वजानिक रूपमा प्रत्यक्ष हुने अन्तक्रिया नै सार्वजानिक सुनुवाइ हो । वास्तवमा स्थानीय सरकारमा सार्वजानिक सुनुवाइ नै जनताको अदालत भन्नुमा अयुक्ति नहोला । सरकारको सेवा प्रवाह र विकास व्यवस्थापन लगायत कार्यमा सरोकार राख्ने सर्वसाधारण नागरिक र सेवा दिने निकायका पदाधिकारीबीच सार्वजानिक थलोमा खुला छलफल गर्ने प्रकृयालाई सार्वजानिक सुनुवाइ भनिन्छ । सार्वजानिक सुनुवाइ सञ्चालन गर्दा सेवा प्रवाह गर्ने निकाय तथा कार्यालयहरूले सञ्चालन गरेको कार्यक्रम तथा सेवा प्रवाहको नागरिक समाज, उपभोक्ता, आमनागरिक र सेवाग्राहीको पक्षबाट लेखाजोखा र पृष्ठपोषण प्राप्त भई सम्बन्धित कार्यालयहरूले आ-आफ्ना दैनिक कार्य तथा सेवा प्रवाह कार्यलाई अझ सशक्त बनाउन र नागरिकसँग सुमधुर सम्बन्ध हुनको लागि मद्दत पुग्दछ । स्मरण रहोस्, स्थानीय सेवाग्राही सेवा प्रदायकबाट पूर्णसन्तुष्टि नभएको अवस्था छ । सार्वजानिक सुनुवाइले सेवाग्राहीलाई विभिन्न भ्रमहरू हटाउन मद्दत पुऱ्याउँछ । माथि भनेजस्तै, देशको शासन व्यवस्था परिवर्तित भई सिंहदरवारको अधिकार स्थानीय निकायमा गएको प्रत्याभूति दिई सुशासन र सार्वजनिक सेवाको प्रभावकारिता प्रमाणित गर्ने बेला आएको छ ।

नेपाली जनताको अगाडि सुशानको कसीमा स्थानीय सरकार रहेको छ । यसलाई प्रमाणित गर्ने मुख्य एक औजार सार्वजानिक सुनुवाइ पनि हो । सार्वजानिक सुनुवाइ गर्ने तेस्रो पक्ष सेवा प्रदायकले निहित स्वार्थमा नलागी छनौट गर्न आवश्यक छ । यसो भएमा मात्र सेवा प्रदायक, सेवाग्राहीबीचको समस्या समाधान हुन्छ । सेवा प्रदायकमा पारदर्शिता र चुस्तताप्रति प्रतिबद्धता नै मुख्य गहना हो । स्थानीय सरकार प्रत्यक्ष रूपमा सेवाग्राहीको सधैं नै सार्वजानिक रूपमा कामकाज गर्ने निकाय हुन् । सेवाप्रदायकले सेवा दिँदा आफ्नो स्वार्थ नहेरी सेवा दिनुपर्दछ । अत: स्थानीय सरकार, जनताका लागि सेवा गर्न पारदर्शिता र चुस्ततामा प्रतिबद्धता भई जीवन्त रहनै पर्छ । यसपछि मात्र सुशासन भई समृद्ध नेपालको सिर्जना हुनेछ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : काममा बुद्धि नपुगी समस्यामा हुँदा आफू कमजोर परिनेछ ।
**वृष** :नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्ने छन्।
**मिथुन** :दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरका लागि दौडधुप गर्नुपर्ला।
**कर्कट** :मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ।
**सिंह** :कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ।
**कन्या** :परिस्थितिवश केही समस्यामा अल्झनुपर्ला। अरूका लागि बुद्धि खर्चनुपर्नेछ।
**तुला** :अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। बेसुरको निर्णयले समस्या आउला।
**वृश्चिक** :परिस्थिति अनुकूल देखिए पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ।
**धनु** :पछिका लागि गरिएको मेहनत र लगानीले अवश्य फाइदा दिनेछ।
**मकर** :अवसर र व्यवधानको उतार चढावबाट न्यून प्रतिफल प्राप्त हुने छ।
**कुम्भ** : निर्णायक मोडमा दुविधा उत्पन्न हुने हुँदा विशेष सजगता अपनाउनुहोला।
**मीन** :सहयोगीहरूले साथ नदिए पनि केही काम सम्पादन हुने छन्।

# साहित्य दर्पण

कृति चर्चा — पुष्कर अथक रेग्मी

## संस्मरणात्मक कृति तानसेनदेखि तासकन्दसम्म



ऋषिमुनीहरूको तपोभूमि नेपाल, शान्तिका अग्रदूत महामानव गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी प्रदेश, कालीगण्डकीले सुशोभित भूस्वर्ग रुरु क्षेत्र पाल्पा जिल्लाको सदरमुकाम तानसेन हो ।

ऐतिहासिक, धार्मिक एवं पर्यटकीयस्थल तानसेन नेपालको पुरानो शहर हो । करुवा र ढाका उत्पादनको लागि यो शहर नेपालमै सुप्रसिद्ध रहेको छ । पूर्व सोभियत संघबाट स्वतन्त्र राष्ट्रको रूपमा स्थापित उजवेकिस्तानको राजधानी शहर तासकन्द हो । जहाँ भारत पाकिस्तानविच युद्ध विराम (१९६६) घोषणा भएको थियो । यी दुई शहरलाई नामाङ्कित गर्दै लेखक रामचन्द्रमान सिंहले संस्मरण कृति 'तानसेन देखि तासकन्दसम्म' प्रस्तुत गर्नुभएको छ । स्व. कविराज दशरथमान सिंह मेरो बाजे पुस्ता, लेखक रामचन्द्रमान सिंह मेरो बुवा पुस्ताको आदरणीय व्यक्तित्वलाई सादर प्रणाम गरी कृतित्वको आधारमा मात्र म यस संस्मरणका लागि केही लेख्न गइरहेको छु ।

काठमाडौंबाट पोखरा हुँदै तानसेनमा बसोबास (१८९०) गर्दै आउनुभएका बुद्धिनर सिंह, जितमान सिंह, इन्द्रमान सिंह हुँदै चौथो पुस्ताका दशरथमान सिंह (१९७६-२०७४) पाल्पा तानसेन, बसन्तपुरमा इन्द्र औषधालय (२००३) सञ्चालन गरी व्यापार भन्दा पनि विरामीको सेवालाई उच्च प्राथमिकता दिदैं विकट गाउँवस्तीहरूमा समेत पैदल पुगी स्वास्थ्य सेवामा समर्पित स्वास्थ्य शताब्दी पुरुष हुनुहुन्थ्यो । पश्चिम नेपालकै लोकप्रिय ऐतिहासिक पात्र कविराज दशरथमान सिंहका सुयोग्य माइला सुपुत्र रामचन्द्रमान सिंह हुनुहुन्छ । नेपालको भाइ पाल्पा र काठमाडौंको भाइ तानसेन भनि इतिहास प्रसिद्ध छ । आधुनिक नेपालको पश्चिमी आधा हिस्सा सेनवंशीय राजाहरूको गौरवशाली पाल्पा राज्यको सहयोगमै एकीकरण भएको थियो भने पाल्पा, गौडाकालीन समयमा समेत नेपालको निर्णायक शक्तिको रूपमा रहेको थियो । पाल्पा गौंडाको बुटवल (जितगढी) मा नेपाली/गोर्खाली/पाल्पाली सेनाले अंग्रेजलाई परास्त गरेको यस समर भुमि पाल्पाले थुप्रै सपूतहरू जन्माएको छ । मुलुकको राजनीति, प्रशासनिक एवं विविध क्षेत्रमा पाल्पालीहरूको पहुँच नेतृत्वदायी एवं निर्णायक रहेको छ । मन्त्रीपरिषद्का अध्यक्ष, प्रधानन्यायधिस, मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल राष्ट्र बैंकका गर्भनर, राजदरबारको सचिव, मुख्य सचिव, नेपाल सरकारको सचिव, सचिव लगायतका पदहरूमा पाल्पाली सुपुत्रहरूले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको सत्य तथ्य सार्वजनिक भइरहेका छन् । पाल्पाली सुपुत्र रामचन्द्रमान सिंह नेपाल सरकारको सचिव समेत भइ हाल सेवा निवृत्त राष्ट्रसेवक हुनुहुन्छ । उहाँले आफ्नो कार्यसम्पादनको सिलसिलामा तानसेन-पाल्पा-नेपाललाई विश्वका विभिन्न मुलुकहरूमा प्रतिनिधित्व गराउन सफल हुनुभएको छ ।

राष्ट्रियस्तरमै चर्चित व्यक्तित्वहरूको संस्मरण, आत्मकथा, जीवनी, स्मृति लगायतका कृतिहरू प्रकाशित भइसकेको अवस्थामा पाल्पासँग सरोकार राख्ने पाल्पाली व्यक्तित्वहरूको समेत यस्तै प्रकृतिका कृतिहरू प्रकाशित हुँदै आएका छन् । कुलमणि देवकोटा, भुयुमान लिगल, गणेशमान सैंजु, दशरथमुनि शाक्य, दशरथमान सिंह आदिको स्मृति ग्रन्थ लेखिएको छ भने छविलाल नेपाल, शुभ श्रेष्ठ, राधा भारती, भगवती मास्टर आदिको संक्षिप्त जीवनी प्रकाशित भएको छ । केशवलाल कसजु, अजम्बरध्वज खाती, डा. रामप्रसाद शर्मा ज्ञवाली, प्रा.डा. बेणिमाधव ढकाल आदिको व्यक्तित्वपरक कृतिहरू प्रकाशित भएका छन् । कमलराज रेग्मी, ब्रह्मशेखर बज्राचार्य, प्रकाश प्रधानाङ्ग, देवेन्द्रराज शाक्य आदिद्वारा जीवनका अनुभूति आत्मकथा नै लेखिएका छन् । अयोध्याप्रसाद प्रधानको नेपाल भाषामा व्यक्तित्व र कृतित्व परक कृति लेखिएको छ । रवीन्द्रप्रसाद प्रधानद्वारा लिखित पाल्पाली प्रधानहरूको अंकथित बंशीय इतिवृत 'द यात्रा' अनुसन्धानात्मक ग्रन्थ प्रकाशित भएको छ । डा. मोहनमाथ सैंजुले अलग धारमा रहेर आत्मकथ्य लेखेता पनि कृतिलाई संस्मरण भनिएको छ । कविराज दशरथमान सिंहद्वारा 'त्यो समय त्यो परिवेश : मेरो जीवन यात्राको संस्मरण' लेखिएको छ भने, उहाँकै सुपुत्र रामचन्द्रमान सिंहद्वारा संस्मरण 'तानसेनदेखि तासकन्दसम्म' लेखिएको छ । 'तानसेनदेखि तासकन्दसम्म'लाई लामा छोटा परिच्छेदभित्र सात खण्डमा संस्मरण गरिएको छ । पहिलो खण्डमा जन्मथलो र वरपरका सम्झनाहरू रहेका छन् । बुवा दशरथ र आमा मिथिलाको गर्भबाट रामनवमीको दिन जन्मिएकोले रामचन्द्रमान सिंह नाम रहेको, आमाले दिएको दश रुपैंया, आजसम्म पनि खर्च नभएको, खराब संगतमा झण्डै नफसिएको, पेट्रोमेक्स (मैन्टोल) बाल्ने र घण्टाकर्ण (गाँठेमंगल) को डोरी टाँग्ने गरेको, तानसेनको जात्रा मेलामा मनोरञ्जन गरेको, अप्रिल फुलमा विवाह भोज खान गएको, अनुशासनको नाममा शिक्षकले अस्वभाविक रूपमा पिटेको, पीडादायी यादहरू सम्झिएको, बाबु साहेबले मागेको पाँच रुपैंया र एक मोहरको औषधिजस्ता बाल्यकालका रोचक घट्नाहरू सस्मरणमा रहेका छन् ।

सेठहरूले खोलेको पद्म पब्लिक हाइस्कूल र जनताको मुष्ठिदानबाट सञ्चालित जनता स्कूलले यस क्षेत्रमा शिक्षाको व्यापीकरण गर्दै गयो । अमेरिकी पिसकोर भोलिन्टियर भिक्की म्याडेमले जनता स्कूलमा खिचेको दुर्लभ रंगीन फोटो पचास वर्षपछि अमेरिका जाँदा देखियो । पाल्पा, तानसेन भाषा, कला, संस्कृति, साहित्य र संगीतको उर्वर भूमि हो । स्वर सम्राट नारायण गोपाल, वरिष्ठ गायक प्रेमध्वज प्रधान, गायिका कमला श्रेष्ठ तानसेन आएको, नारायण गोपालले मन गौचन र प्रेमध्वज प्रधानले सविता प्रधानसँग युगल गीत गाएर स्थानीय प्रतिभालाई प्रोत्साहन दिएको सम्झँदै लक्ष्मी उदय र उषा खातीको नृत्यहरू, गंगाप्रसाद बैंजु र लाले जोकरको कलाकारितालाई स्मरण गरिनुका साथै डम्बरे र चाउरेको रोचक र घोचक प्रसङ्गहरूको समेत उठान गरिएका छन् । प्रताप शमसेरले तानसेनमा सार्वजनिक खानेपानीको व्यवस्थापन गरेता पनि घर-घरमा धारा थिएन । 'घरमा धारा आएत म नाँच्थैं' आमाले भन्नुभएको यो सत्य कथन अहिलेसम्म पनि तानसेनको घर-घरमा गृहणीहरूले भन्दै आएका छन् । आज पनि तानसेनमा पानीको दु:ख छ । दोस्रो खण्डमा तानसेन हुँदाको महत्वपूर्ण यात्रा संस्मरण गरिएको छ । गाडीबाट पहिलोपटक बुटवल जाँदा र गोरखपुरमा पहिलो पटक रेल चढ्दाको खुशीयालीहरू प्रकट गरिएका छन् । अँध्यारोमा पहिलोपटक रानीघाट गएको सम्झना गरिएको छ । पाल्पा गौंडाका तैनाथवाला खड्ग शमशेरले प्रिय रानी तेज कुमारीको स्मृतिमा कालीगण्डकी उत्तरवाहिनी भएर बहेको स्थानमा कलाकौशलको बेजोड नमुनाले भरिपूर्ण रानीघाट दरवार निर्माण गरेका हुन् । यस दरवारको आफ्नै ऐतिहासिक, धार्मिक, मौलिक पहिचान भएता पनि लहडीहरूले भारतको ताजमहलसँग जोडेर 'नेपालको ताजमहल' भन्दै आएका छन् । रानीघाट-रानीमहलको चर्चा धेरैले गरेता पनि बैकुण्ठ पहाडको झरनाको पानीलाई पहाड काटेर रानीमहल पुर्‍याइएको इतिहास कमैलाई मात्र थाहा छ । लेखकले संस्मरणमा बैंकुण्ठ पहाड र रानीमहलको प्रसङ्ग जोडेर इतिहासलाई व्यापीकरण गर्नुभएको छ । विशाल पाल्पा राज्यका निर्माता मणिमुकुन्द सेन प्रथम (१५५५-१६२२) को पालामा पाल्पा राज्यभित्र बराहक्षेत्र, रुरु क्षेत्र, मुक्ति क्षेत्र र हरिहर क्षेत्र गरी चारवटै अलौकिक धार्मिक क्षेत्रहरू परेका थिए । अहिले रूरू क्षेत्र पाल्पा, गुल्मी र स्याङ्जाको सङ्गमस्थलको रूपमा रहेको छ । माघे संक्रान्तिमा रीडिमा ठूलो मेला लाग्दछ । लेखक दश-एघार वर्षको उमेरमा भाइसँगै झरीमा रुझ्दै हिंडेर रुरु क्षेत्र (रिडी) पुगेको स्मरण गरिएको छ । काठमाडौं आएपछिका सस्मंरणहरू तेस्रो खण्डमा रहेका छन् । पचाँस वर्षअघि काठमाडौंमा महंगी नभएको त्यो बेला र यो बेलाको काठमाडौंको चर्चा गर्नुका साथै कलेज भर्ना र विद्यार्थी जीवनका तीतामीठा सम्झनाहरू उजागर गरिएका छन् । 'हरेराम हरेकृष्ण' हिन्दी फिल्मको सुटिङमा चर्चित भारतीय सिने नायक 'देवानन्द'लाई काठमाडौंमा भेटेको, रञ्जना सिनेमा हलमा फिल्म हेरिरहँदा राजा महेन्द्र स्वर्गीय भएको खबरले विचैमा फिल्म बन्द भएको र पैसा फिर्ता पाएको, राजा वीरेन्द्रको शुभराज्यभिषेक नजिकबाट हेरेको र त्यो अद्भूत समारोहको दृश्यलाई एक साथीद्वारा पेरिसको सुन्दरतासँग तुलना गरिएको संस्मरण गरिएको छ । संस्मरणको चौथो खण्डमा विशेषत: नेपालको सुदुरपश्चिम कर्णाली क्षेत्र जुम्ला, कालीकोट-कोटवाडा, ग्रामीण परिवेशको अनुभवहरू संक्षेपिकृत गरिएका छन् । स्वं सेवा होस् या सरकारी सेवा होस् आजपनि प्राय: व्यक्ति सुगम क्षेत्रमा नै जान चाहन्छन् । तर तात्कालिन समयमा पनि लेखकले दुर्गममा परेको साथीलाई सुगममा पारी आफु दुर्गम क्षेत्रमा गएको संस्मरण उल्लेख गर्नुभएको छ । जुन कार्य निकै नै उदाहरणीय एवं प्रसंसनीय रहेको छ । लेखकले आजभन्दा ४५ वर्ष अघि (२०३२) नेपालगञ्ज, जुम्लाहुँदै कालिकोटको कोटवाडा पुगेर राष्ट्रिय विकास सेवामार्फत मुलुकको सेवारम्भ गर्नुभएको छ । आङसिरिङ्ग हुने तुइनको यात्रा, सुखदु:खको स्मरण गरिनुका साथै जानीजानी आफू र साथीहरूले तल्ला जातिसँग पानी मागेर खाएर छुवाछुत विरुद्धको अभियानमा सकारात्मक सोंच राखिएको छ । कोतवाडामा कक्षा ३ देखि ७ सम्म सञ्चालित नन्दादेवी निम्न माध्यमिक विद्यालय, एसएलसी अनुत्तीर्ण प्रधानाध्यापक, विद्यार्थी, शिक्षक, सिकाई, क्रियाकलाप, ग्रामीण परिवेश, आदिको सम्झना गरिएको छ । धेरैपछि सहसचिव भएको बेला कोटवाडाका विद्यार्थीहरू लेखकलाई खोज्दै आएको र द्वन्द्वकालीन कहालीलाग्दो घट्नाक्रमहरू सुन्दा मन मुटु मष्तिष्क स्तब्ध भएको कुरा उल्लेख गरिएको छ । लेखकपछि कालीकोटको मान्मा पुगेता पनि कार्यस्थल कोतवाडा पुग्ने धोको अधुरै रहेको छ । जागिरे जीवनको संस्मरण पाँचौ खण्डमा गरिएको छ । वनस्पति शास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेपछि पृथ्वी नारायण क्याम्पस पोखराबाट शुभारम्भ गरेको जागिरे जीवन शाखा अधिकृत उत्तीर्ण (२०३७) गरी लोक सेवा आयोगको कार्यालय कमलपोखरीमा पदस्थापन भएसँगै निजामती सेवातर्फ मोडियो । नेपाल सरकारको गरिमामय सचिव पदमा पुगी सेवा निवृत्त भएको अवस्थासम्मलाई संस्मरण गरिएको छ । वैदेशिक भ्रमणमका संस्मरणहरू छैठौं खण्डमा संग्रृहित रहेका छन् । बेलायत जाँदाको पहिलो भ्रमण रोचक र तनावपूर्ण रहेको छ । किनकी लेखकले एक अपरिचित जेष्ठ महिलालाई उनका सन्ततीहरूसँग भेट गराउन साथमा लिएर जानुभएको छ । बैंकक एयरपोर्टमा सामान चोरिएको घटनाले नेपालमा मात्र होइन विकसित मुलुकमा पनि चोरीको विगविगी रहने कुरा जानकारीमा आएको छ । कर्मचारीको एक सानो गल्तीले सुविधा सम्पन्न एयरपोर्टमा पनि यात्रीहरू कसरी विचल्लीमा पर्छन् र लफडा शुरु हुन्छ भन्ने कुरा जोहन्सवर्ग विमानस्थलमा लेखक स्वयंम अलपत्र पर्दा थाहा लागेको छ । आफ्नै असावधानीले गर्दा ह्युस्टन जाँदा प्लेन छुट्यो र निकै झन्झट बेहोर्नु पर्‍यो । तर काउन्टरवालाले सोही पैसामा अर्को प्लेनको टिकट मिलाइदिएको प्रसङ्गले अमेरिकामा नागरिकप्रतिको उत्तरदायित्व बोध र प्रभावकारी व्यवस्थापनको उदाहरण दिएको छ । नेपालको प्रतिनिधित्व गरी तासकन्द जाँदा आफ्नो टेबुलमा नेपालको झण्डा चारकुने राखिएकोमा खबर गर्दा शीघ्र तीनकुने झण्डा फेरिएको रोचक सन्दर्भहरू जोडिएका छन् । थाइल्याण्डमा सेनाद्वारा सत्ता कब्जा गरिँदा लेखक त्यहीँ रहेको, वैदेशिक यात्रामा शाकाहारी रहँदा पेटभरी खान नपाएको, उजवेकिस्तानमा खाजा खाँदा प्लेटमा घोडाको मासु देखेपछि पेट हौंडलिएको, जेनेभा शहरमा इसाई धर्मावलम्बीको अन्त्येष्टीमा सहभागी हुँदाको फदय विदारक दृश्यहरू वर्णन गरिएका छन् । श्रीलंकाली राष्ट्रपतिसँग रात्री भोजमा सरिक भएको, भारतको गणतन्त्र दिवसमा सहभागी भएको, श्री सत्यसाइ बाबासँग साक्षात्कार दर्शनभेट पाउँदाको अपूर्व क्षणलाई संस्मरण गरिएको छ । राजदरवार हत्याकाण्ड भएको एक हप्तापछि पनि लेखक दिल्ली, श्रीलंका हुँदै माल्दिभ्स पुग्दा समेत सारा विश्वको ध्यानाकर्षण नेपालमै रहेको दु:खद प्रसङ्गहरू समेत समेटिएका छन् । अन्तिम सातौं खण्डमा लेखकका व्यक्तिगत एवम् पारिवारिक स्मरणहरू रहेका छन् । इन्द्र औषधालयमा हुलाकबाट गोरखापत्र आउँथ्यो । पत्रपत्रिकाहरूको स्वाध्ययनले लेखकलाई वाल्यावस्थादेखि नै केही लेख्ने रहर जगायो । युवा अवस्थामा गोरखापत्रमा दिइएको लेख मधुपर्कमा छापियो । नेपाली तथा अंग्रेजीमा लेख लेख्ने र प्रकाशन गर्ने क्रम बढ्दै गयो । बुवाले जीवनमा एकपटक मात्र संयम गुमाएर भाईलाई दुई थप्पड हानेको, विवाहपछिको पहिलो रमाइलो दशैं, हजुर बुवा हुन पाउँदाको अपूर्व खुसी, २०७२ को महाभूकम्प, आफ्नो उपलब्धिप्रति पूर्णत खुसी रहेको बुवालाई काखमा राखेर विदा गरेको अन्तिम श्रद्धाञ्जली स्मृति गरिएको छ । अमेरिकामा आफ्नी छोरी र नर्वेली ज्वाइँसंगको अन्तरदेशीय विवाहको रोचक प्रसङ्ग, स्व. बुवाको स्मृति ग्रन्थको सम्पादन, ममतामयी माता स्वर्गारोहण हुँदा भोग्नुपरेका पीडाहरू, विश्वव्यापी प्रभावको रूपमा देखापरेको कोभिड-१९ (कोरोना कहर) को त्रासदीभित्र तनाव र आशंकालाई निरुत्साहित गर्दै पृथ्वीमा नातीनी रुवीको स्वस्थ सुरक्षित अवतरणसँगै संस्मरणको समापन भएको छ ।

प्राप्त: स्मरणीय पिता कविराज स्व. दशरथमान सिंह र ममतामयी माता स्व. मिथिलादेवी सिंहमा सादर समर्पण गरिएको संस्मरण लेखकको जीवनको आत्मानुभूति भएता पनि सबैभन्दा महत्वपूर्ण विशेषता कृति प्रशंसा, आत्म-प्रशंसाबाट मुक्त रहेको छ । लेखकीय शब्द शक्तिहरू अविधा शैलीमा सुपाच्य, सहज र सरल भाषामा अभिव्यक्त भएका छन् । लेखाइमा वक्रोक्ती नभई सरलोक्ती रहेको छ । संस्मरण खहरेजस्तो नभई नदीजस्तै बहेको छ । राजनीतिक टीकाटिप्पणी एवम् कुनै पनि आक्षेप कटाक्ष प्रहार गरिएको छैन । जीवनका भोगाइ, अनुभवहरू सम्झनाको आधारमा जस्ताको तस्तै लेखिएकोले शब्द चयन र वाक्य गठनमा अतिसयोक्ती छैन् । जीवन यात्रामा संगालिएका थुप्रै अनुभूति र संस्मरणहरू हुन्छन् । तीन दशकसम्म राष्ट्रसेवक कर्मचारीको हैसियतले कार्यसम्पादन गर्दाका अनुभवहरूका साथै अन्य भोगाइ तथा अनुभवहरू यसमा समेटिएका छैनन् । लेखकले यस कृति मार्फत जीवनको पहिलो-पहिलो अविस्मरणीय पल, भोगाई तथा अनुभवहरूलाई मात्र संस्मरणको रूपमा सम्बोधन गर्नुभएको छ । यसर्थ 'तानसेन देखि तासकन्दसम्म' संस्मरण विशुद्ध अनुभवजन्य, स्वस्थ, स्वच्छ एवम् पृथक कृतिको रूपमा रहेको छ । नेपाली वृहत शब्दकोश अनुसार,-आफ्नो सम्बन्धमा आफैले लेखेको वा भनिएको कथा, आफैले बनाएको आफ्नै वृतान्त, आफ्नै जीवन चरित्र, आत्मचरित्रलाई आत्मकथा भनिन्छ । यसैगरी बारबार सम्झनामा आउने वितेका दिनको कुरो, मीठो प्रकारको सम्झना, मधुर स्मृति, नामजपाई, संस्मृति, पुरानो घट्ना, वस्तु महत्त्व आदिलाई ताजा राख्न आवश्यक पर्ने महत्वपूर्ण कुराको उल्लेख, कथन वा रचनालाई संस्मरण भनिएको छ भने सहित हुनाको भाव, गुण वा अवस्था, साथ रहेको स्थितिलाई साहित्य भनिएको छ । अर्थात् शब्द र अर्थको विचमा उचित सहभाव हुनु नै साहित्य हो । यसर्थ प्रस्तुत कृतिलाई संस्मरण साहित्य भन्नु नै उपयुक्त हुनेछ । पाल्पा, तानसेन बसन्तपुरमा जन्मिएर मुलुकको सचिव पदमा पुगी राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमै पहिचान बनाउन सफल व्यक्तित्व रामचन्द्रमान सिंहद्वारा करिब छ दशकको अन्तराललाई संस्मरणको रूपमा प्रस्तुत गरिएको यो कृति राष्ट्रसेवकहरूका लागि मननीय, लेखक साहित्यकारहरूका लागि विचारमूलक महनीय, पाठकहरूका लागि जानकारी एवम् सूचनामूलक पठनीय रहेकोले कृति स्मरणीय, विलोकनीय एवम् संग्रहणीय रहेको छ । 'छ दशकको सहयात्रामा दशरथ-मिथिला' (२०६५), 'त्यो समय त्यो परिवेश-मेरो जीवन यात्राको संस्मरण' (२०७३) र 'शताब्दी पुरुष कविराज दशरथमान सिंह स्मृतिग्रन्थ' (२०७५) को उत्कृष्ट सम्पादन गरिसक्नुभएका आदरणीय लेखक रामचन्द्रमान सिंहको प्रस्तुत कृति संस्मरण साहित्यको रूपमा ऐतिहासिक दस्तावेज बन्न सक्नेछ भन्ने विश्वास लिएको छु । लेखकीय सफलताको शुभकामना ! ***(लेखक पाल्पा साहित्य समाजका अध्यक्ष तथा पाल्पाका स्थापित साहित्यकार समेत हुन् ।)***

लघुकथा — ढाकामोहन बराल

## रक्तचाप



'ल राम्रोसँग पल्टनुहोस् त बुबा ।' डाक्टर साहेबले भने । हरिनन्द बाले डाक्टरले भने जस्तै गरे । उहाँको जाँच गरियो । नरे बासँगैको कुर्चीमा बस्यो । डाक्टर साहेब नरे तर्फ हेरेर भन्नु भयो 'मैले रगत, पिसाब र एकसरे गर्न लेखेको छु गराएर रिपोर्ट ल्याउनु होला ।'

डाक्टरलाई अभिवादन गरेर बाउछोरा निस्के । बालाई कुर्चीमा राखेर ऊ काउन्टर तर्फ दौडियो । आएर बालाई प्रयोगशाला लग्यो । रगत निकालियो । रगत र पिसाबको परीक्षण गर्न दिएर एकसरे गरियो । सबै रिपोर्ट तयार भए पछि पुन: डाक्टरको कोठामा गएर देखाइयो । 'बुबालाई अब हाम्रो निगरानीमा औषधि चढाउनु पर्ने देखियो । म लेखिदिन्छु । आज भर्ना गरौं ।' डाक्टरसाहेबले भने । सबै प्रक्रिया अपनाएर भर्ना गरियो । बेडमा सुते पछि हरिनन्द बाको रक्तचाप परीक्षण गरी नर्सले भनिन्, 'प्रेसर त बढेको छ त बुबा ।' हरिनन्दबाको ध्यान भने छोरातर्फ नै थियो । सबै काम सकेर नरे बाको छेउमा कुर्चीमा बसेको मात्र थियो । हरिनन्दबाले सोध्नुभयो, 'यो अस्पताल सस्तो छ कि महँगो राम्रोसँग बुझिस् ?'

*-साहित्यपोष्ट डटकम*

# गाउँका चौकीमा न्यून प्रहरी



**तुलसीपुर,**साउन २४ /दाङको ग्रामीण क्षेत्रका प्रहरी चौकीमा दरबन्दी अनुसार प्रहरी छैनन् । इलाका प्रहरी कार्यालय तुलसीपुर मातहतमा रहेका धेरैजसो प्रहरी चौकीमा दरबन्दी अनुसार प्रहरी छैनन् । यसरी दरबन्दी अनुसार प्रहरी नहुँदा समस्या हुने गरेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख तथा प्रहरी नायब उपरीक्षक ठाकुरप्रसाद पोखेलले बताए । उनका अनुसार सहरी क्षेत्रमा बढी जनशक्ति चाहिने भएकाले इलाका प्रहरी कार्यालय तुलसीपुरमा दरबन्दीभन्दा बढी प्रहरी कार्यरत रहेको भए पनि मातहतका चौकीमा भने दरबन्दी अनुसारका प्रहरी नभएको उनले बताए । 'केही परेमा हामीले (इप्रका तुलसीपुरबाट) जनशक्ति पठाउने गरेका छौं', उनले भने 'देशभरकै अवस्था त्यस्तै हो, सबै ठाउँबाट प्रहरीको माग भइरहेको छ ।'

दाङको दङ्गीशरणस्थित इलाका प्रहरी कार्यालय हेकुलीमा २३ जनाको दरबन्दी हो । तर, त्यहाँ सातजना मात्रै कार्यरत छन् । तुलसीपुर उपमहानगरपालिका-१३ स्थित इलाका प्रहरी कार्यालय फूलबारीमा २३ जनाको दरबन्दी रहेपनि ६ जना मात्रै कार्यरत छन् । त्यस्तै इलाका प्रहरी कार्यालय मलबारमा १७ जना दरबन्दी रहेकाम आठ, प्रहरी चौकी विजौरीमा १० जनाको दरबन्दी रहेकामा नौ, प्रहरी चौकी खाद्रेमा १० जनाको दरबन्दी रहेकामा पाँच तथा प्रहरी चौकी गोल्टाकुरीमा १० जनाको दरबन्दी रहेकामा पाँच जना मात्रै कार्यरत छन् । यस्तै प्रहरी चौकी बागरमा १४ जनाको दरबन्दी रहेकामा पाँच तथा प्रहरी चौकी उरहरीमा १४ जनाको दरबन्दी रहेकामा सात जना कार्यरत रहेका प्रहरी नायब उपरीक्षक पोखेलले बताए । प्रहरी चौकीभन्दा अस्थायी प्रहरी चौकीमा प्रहरीको संख्या बढी छ । प्रहरी पोष्टहरु बजारमै भएकाले शान्तिसुरक्षाका लागि बढी प्रहरी परिचालन गरिएको उनले बताए । अस्थायी प्रहरी पोष्ट तुलसीपुर बसपार्कमा सात, अस्थायी प्रहरी पोष्ट बेलुवामा आठ, अस्थायी प्रहरी पोष्ट दमारगाउँमा ६, अस्थायी प्रहरी पोष्ट बेलझुण्डीमा ६, अस्थायी प्रहरी पोष्ट बालापुरमा ६ तथा अस्थायी प्रहरी पोष्ट गोठीखोलामा पाँच जना कार्यरत छन् । त्यस्तै अस्थायी प्रहरी पोष्ट टरिगैं ग्वारखोलामा पाँच, अस्थायी प्रहरी पोष्ट पर्सेनीमा आठ, अस्थायी प्रहरी पोष्ट छिल्लीकोटमा चार तथा राप्ती प्रादेशिक अस्पतालमा दुई जना कार्यरत रहेका प्रहरी नायब उपरीक्षक पोखेलले बताए । इलाका प्रहरी कार्यालय तुलसीपुरमा भने दरबन्दीभन्दा बढी प्रहरी कार्यरत रहेका छन् । प्रहरी नायब उपरीक्षक पोखेलका अनुसार ६४ जनाको दरबन्दी रहेकामा ९६ जना कार्यरत छन् । बजार क्षेत्रमा बढी प्रहरी आवश्यकपर्ने उनको भनाइ छ । इलाका प्रहरी कार्यालय तुलसीपुर मातहतमा इलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीमा गरी एक सय ८५ जनाको दरबन्दी छ । तर, गाउँका प्रहरी चौकीमा प्रहरीको दरबन्दी भन्दा कम भए पनि त्यो जनशक्तिलाई इलाका प्रहरी कार्यालय तुलसीपुर र अस्थायी प्रहरी चौकीमा राखिएको छ । दरबन्दी एक सय ८५ जनाको रहे पनि कार्यरत भने दुई सय चार जना रहेका छन् । **-रासस**


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

### पाकिस्तानका नदिमले जिते ओलम्पिकमा स्वर्ण



**काठमाडौं**, साउन २५/ पाकिस्तानका अर्शद नदिमले कीर्तिमानसहित पेरिस ओलम्पिकमा स्वर्ण जितेका छन् । नदिमले एथ्लेटिक्स अन्तर्गत पुरुष ज्याभलिन थ्रोमा ९२.९७ मिटर थ्रो गर्दै स्वर्ण जितेका हुन् ।

नदिमले टोकियो ओलम्पिकमा स्वर्ण जितेका भारतीय निरज चोपरालाई पछि पार्दै स्वर्ण जितेका हुन् । एथ्लेटिक्समा पाकिस्तानले जितेको यो पहिलो स्वर्ण समेत हो । यसअघि पाकिस्तानले ओलम्पिकमा हक्कीमा तीन स्वर्ण जितेको थियो । नदिमले सन् २००८ को बेइजिङ ओलम्पिकमा नर्वेका आन्द्रेस थोरकिल्डसेनले बनाएको ९०.५७ मिटरको ओलम्पिक कीर्तिमान तोडेका हुन् । लगातार दोस्रो पटक ओलम्पिकमा स्वर्ण जित्ने योजनामा रहेका निरज चोपराले ८९.४५ मिटर थ्रो फाल्दै रजत जिते । ग्रेनडाका एन्डरसन पिटर्सले ८८.५४ मिटर फाल्दै कांस्य जिते ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## अर्थ/कर्पोरेट समाचार

# एक हजार पाँच सयले बढ्यो सुनको मूल्य



**पाल्पा,** साउन २५/सुनको मूल्य तोलामा एक हजार पाँच सयले वृद्धि भएको छ । बिहीबार प्रतितोला एक लाख ४६ हजार पाँच सयमा कारोबार भएको छापावाला सुन शुक्रबारका लागि एक लाख ४८ हजार एक सय कायम भएको छ । यसैगरी तेजाबी सुन प्रतितोला एक लाख ४७ हजार चार सय निर्धारण भएको छ । त्यस्तै,चाँदीको मूल्य तोलामा ४० ले वृद्धि भएको छ । विहीबार प्रतितोला एक हजार छ सय ९० मा कारोबार भएको चाँदी शुक्रबार लागि भने एक हजार सात सय ३० निर्धारण भएको छ ।

विश्व बजारसँगै नेपालमा पनि सुनको भाउ निरन्तर वृद्धि भइरहेको छ । केही वर्षअघिसम्म अन्तर्राष्ट्रिय बजारमा डलरको मूल्य बढ्दा सुनको मूल्य घट्ने र डलरको मूल्य घट्दा सुनको मूल्य बढ्ने गरेको देखिन्थ्यो । केही वर्षयता भने दुवैको मूल्य निरन्तर बढिरहेको छ । अन्तर्राष्ट्रिय बजारमै सुनको मूल्य बढ्दै गएपछि त्यसको प्रभाव नेपाली बजारमा पनि परेको हो । सुनको मूल्यमा वृद्धि हुँदै गएपछि नेपाली बजारमा नयाँ गहनाको कारोबार समेत घटेको छ । दिनप्रतिदिन सुनको भाउ बढ्दै गएपछि पाल्पामा पनि यसको प्रभाव देखिएको छ । सुन महँगो हुँदा सर्वसाधारणले सुनका गहना किन्नेतर्फ ध्यान दिएका छैनन् ।

सुनको माग नभएपछि व्यवसायीहरुले समेत बैंकबाट सुन लिन छाडेका छन् । एकातिर अन्तर्राष्ट्रिय बजारमा सुनको भाउ बढ्ने अर्कोतिर नेपाल सरकारले भन्सारमा मूल्य वृद्धि गर्ने गर्दा नेपाली बजारमा थप महँगो हुन पुगेको व्यवसायीहरु बताउँछन् । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ ।

# विधानसम्मत सञ्चालन...

उपप्रमुख सावित्रादेवी अर्यालले बुटवलभित्रको खानेपानीको समस्या समाधान र समितिहरुको व्यवस्थापनका लागि जलश्रोत ऐन प्रभावकारी हुने बताइन् । उनले समितिहरु विधिसम्मत तरिकाले सञ्चालन हुनुपर्ने बताउँदै उपभोक्ताको हित र कानुनी व्यवस्थालाई ख्याल गर्न आग्रह गरिन् । प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले बुटवलको जलश्रोतसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन र विधिसम्मत तरिकाले संस्था सञ्चालनका लागि सहयोगी हुने गरी ऐन बनाएको बताए ।

कार्यक्रममा खानेपानी उपभोक्ता समितिका अध्यक्षहरुले जिल्ला विकास समितिमा दर्ता भएका समिति र नयाँ समितिलाई एउटै व्यवहार गर्न नहुने र गलत काम गर्नेलाई कारवाही गर्नुपर्ने बताएका थिए । उपप्रमुख सावित्रादेवी अर्यालले बुटवलभित्रको खानेपानीको समस्या समाधान र समितिहरुको व्यवस्थापनका लागि जलश्रोत ऐन प्रभावकारी हुने बताइन् । उनले समितिहरु विधिसम्मत तरिकाले सञ्चालन हुनुपर्ने बताउँदै उपभोक्ताको हित र कानुनी व्यवस्थालाई ख्याल गर्न आग्रह गरिन् । प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले बुटवलको जलश्रोतसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन र विधिसम्मत तरिकाले संस्था सञ्चालनका लागि सहयोगी हुने गरी ऐन बनाएको बताए । कार्यक्रममा खानेपानी उपभोक्ता समितिका अध्यक्षहरुले जिल्ला विकास समितिमा दर्ता भएका समिति र नयाँ समितिलाई एउटै व्यवहार गर्न नहुने र गलत काम गर्नेलाई कारवाही गर्नुपर्ने बताएका थिए ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई